# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. ..................

२०८०।१०।१८

**विद्युतीय माध्ययमबाट (Online) कक्षा सम्बन्धी अत्यन्त जरूरी सूचना ।**

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायद्वारा सत्रान्त प्रणाली अनुसार सञ्चालित स्नातकोत्तर (MA), अधिस्नातक (PGD) र स्नातक (BA/BCA/BSW) तहका शैक्षिक कार्यक्रमहरू सेमेस्टर प्रणाली सञ्चालन कार्यविधि, २०७४ अनुसार भौतिक उपस्थितिमा नै पठन पाठनसञ्चालन गर्नु पर्ने व्यबस्था भएकोमा कतिपय विभाग/क्याम्पस/कलेजहरूले Online मार्फत कक्षा सञ्चालन गर्ने भनी भर्ना सम्बन्धी सूचना प्रकाशित गरेको पाइएकोले डीन कार्यालयको गम्भीर ध्यानआकर्षण भएको छ । Online कक्षा सञ्चालन सम्बन्धमा डीन कार्यालयबाट कुनै निर्णय नभएको र यस सम्बन्धमा **त्रिभुवन विश्वविद्यालय विद्युतीय माध्यम (अनलाईन) को प्रविधिबाट गरिने कक्षा सञ्चालन एवं खुला तथा दूर शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी विनियम,** २०७७ अनुसारको प्रकृया पूरा नभएको अवस्थामा Online कक्षा सञ्चालन नगर्नु नगराउन हुन सम्बन्धित सबैमा सूचित गरिन्छ । यदि कहीं कतैबाट Online कक्षा सञ्चालन भए गरेको पाइएमा त्यस्ता विभाग/क्याम्पस/कलेज नै जिम्मेवार हुने र त्यसरी अध्ययन गरेका विद्यार्थीहरूको सत्रान्त परीक्षा सञ्चालन गर्न डीन कार्यालय बाध्य नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

.............................
प्रा.डा. कुशुम शाक्य
डीन